Nationwide Children's
*When your child needs a hospital, everything matters.*

**Helping Hand™** *Health Education for Patients and Families*

# COVID-19 (कोरोनाभाइरस रोग 2019) को लागि अस्पताल भर्ना

# Hospital Admission for COVID-19 (Coronavirus Disease 2019) (Nepali)

सामान्य रुघाखोकी जस्तै हल्का श्वासप्रश्वास रोगको एक कारण कोरोनाभाइरस हो। तपाईंको बच्चालाई COVID-19 भएको अस्पतालमा भर्ना गरिएको छ, जुन भाइरस SARS-CoV-2 (गम्भीर तीव्र श्वासप्रश्वास सिन्ड्रोम-कोरोनाभाइरस 2) को कारणले हुन्छ।

## अस्पतालमा के आशा गर्ने

- नर्सिङ्ग कर्मचारीले तपाईंको बच्चाको नियमित जाँच गर्नेछन्। कर्मचारीले मास्क, गाउन, पन्जा र आँखाको सुरक्षा उपकरण लगाउने छन्। यसले भाइरसको प्रसार रोक्नमा मद्दत गर्नेछ।
- कर्मचारीले तपाकर्मचारीईंको बच्चाको तापक्रम, मुटुको गति, र रक्तचापको नियमित जाँच गर्नेछन्। उनीहरूले तपाईंको बच्चाको श्वासप्रश्वासलाई नजिकबाट हेर्नेछन् र छिटो सास फेर्ने वा सास फेर्दा बढ्दो प्रयास जस्ता समस्याहरू निगरानी गर्नेछन्।
- डक्टरहरूले ल्याब जाँचहरू र अन्य उपचारहरू जस्तै ज्वरो कम गर्ने वा सास फेर्नमा मद्दत दिने औषधीहरू खुवाउने आदेश दिन सक्छन्।
- यो भाइरस व्यक्तिबाट व्यक्तिमा अति सजिलै सर्न सक्छ (सङ्क्रामक हुन्छ), तसर्थ तपाईंको बच्चा कोठामा नै रहनु जरुरी छ। तपाईंको बच्चा जाँचहरू वा प्रक्रियाहरूका लागि कोठाबाट बाहिर जानु पर्ने हुन्छ भने उनीहरूले मास्क लगाउने छन्। 2 वर्षभन्दा मुनिका बालबालिकाले मास्क लगाउनु हुँदैन।


©4/13/2020, परिमार्जित 5/29/2025, Nationwide Children's Hospital
जारी…

- बिरामीहरू र आगन्तुकहरूले हात धुनु अत्यन्तै महत्त्वपूर्ण छ। स्वास्थ्य सेवा टोलीले बारम्बार हात धुनेछ वा सेनिटाइजर प्रयोग गर्नेछ। तपाईंले पनि नियमित रूपमा आफ्ना हातहरू धुनु जरुरी छ।

  यी दिशा-निर्देशनहरूको पालना गर्नुहोस्:

  - कम्तीमा 20 सेकेन्डहरूसम्म साबुन र पानीको प्रयोग गर्नुहोस्। आफ्ना हातहरूलाई जोडेर रगड्नुहोस्, हातका सबै भागहरूलाई खासगरि औँलीहरूका काप र नङहरूभित्रका भागलाई रगडेर सफ्फा गर्ने सुनिश्चित गर्नुहोस्।
  - अल्कोहलयुक्त ह्यान्ड स्यानिटाइजर पनि एउटा राम्रो विकल्प हो। यसले हातका सबै सतहहरूलाई भिजाएर आफ्ना हातहरूलाई रगड्नुहोस्। सुक्न दिनुहोस्।

## आगन्तुकहरू

आगन्तुकहरूले भेटन आउँदा सङ्क्रमण रोकथामसम्बन्धी नीतिहरूको पालना गर्नु जरुरी छ। संक्रमण फैलिनबाट रोक्न यी नियमहरू पालना गर्नुहोस्:

- यदि कुनै आगन्तुकमा बिरामी वा COVID-19 को लक्षणहरू छन् भने, उनीहरूले **बिरामी हुँदा भेट्नबाट टाढा रहनु पर्छ**। अस्पताल आउनुअघि सबै आगन्तुकहरूले निम्न लक्षणहरूको जाँच गर्नुपर्छ:
  - ज्वरो (100.4° फरेनहाइट (F) वा 38° सेल्सियस (C) वा सोभन्दा माथिको तापक्रम)
  - नयाँ वा बिग्रँदै गइरहेको पुरानो खोकी
  - घाँटी दुख्ने
  - मांसपेशी दुखाइ
  - सास फेर्नमा कठिनाइ
  - बान्ता र/वा पखाला
- आगन्तुकहरू सकेसम्म बिरामी कोठामै बस्नुपर्छ। क्यालिडोस्कोप कुजिन मार्फत कोठामा खाना पुऱ्याउन सकिन्छ। कर्मचारीले तपाईंलाई गेस्ट मेन्यु दिनेछन्। अर्डर गर्न तपाईंले कोठाबाट 25852 डायल गर्नुहुनेछ वा गेटवेल नेटवर्क (टिभीमा) प्रयोग गर्नुहुनेछ। अरूसँगको सम्पर्क सीमित गर्न क्रेडिट वा डेबिट कार्ड प्रयोग गर्नु उत्तम हुन्छ। नगद वा कलाइडोस्कोप कार्डको प्रयोग जरुरी हुन्छ भने, हामीले अतिरिक्त सावधानीको प्रयोग गर्नेछौँ। तपाईंले केही युनिटहरूमा खाना पनि ल्याउन सक्नुहुन्छ। यसबारे आफ्नो नर्सलाई सोध्नुहोस्।
- आगन्तुकले रोगीको कोठाको बाथरुम सुविधाहरूको प्रयोग गर्नु सक्दछ, यदि उपलब्ध छ भने।

## व्यक्तिगत सुरक्षा उपकरण (PPE)

व्यक्तिगत सुरक्षा उपकरण (PPE) मा मास्क, पन्जा र गाउन समावेश छन्।

- बिरामीको कोठामा खाना खाने, पिउने वा सुत्ने बेला बाहेक आगन्तुकहरूलाई मास्क लगाउन आग्रह गर्न सकिन्छ।
- बिरामीलाई कोठा बाहिर लैजाँदा मास्क लगाउनु पर्छ।
- केही प्रक्रियाहरू कोठामा गरिन्छन्। आगन्तुकहरूलाई PPE लगाउन आग्रह गर्न सकिन्छ।

## COVID-19 लाई फैलिनबाट कसरी रोक्ने

पृष्ठ 2 मा "आगन्तुकहरू" खण्डमा बताइएका लक्षणहरूबारे घरमा स्वयम् र अन्य व्यक्तिहरूमाथि निगरानी गर्नुहोस्। लक्षणहरू देखिन थाले भने, स्वास्थ्य सेवा प्रदायकलाई भन्नुहोस्। COVID-19 भएको व्यक्तिसँगको सम्पर्कको बारेमा उनीहरूलाई जानकारी दिनुहोस्। यसरी स्वास्थ्य सेवा प्रदान गर्ने सुरक्षित तरिकाबारे निर्णय गर्नमा स्वास्थ्य सेवा प्रदातालाई मद्दत मिल्नेछ।

- खोक्दा अथवा हाच्छिउँ गर्दा आफ्नो मुख र नाक टिस्यु पेपरले छोप्नुहोस्। टिश्यु पेपरलाई उपयुक्त स्थलमा फ्याँक्नुहोस् र तुरुन्तै आफ्ना हातहरू धुनुहोस्। तपाईंसँग टिस्यु पेपर छैन भने आफ्नो कुहिनो मोडेर हाच्छिउँ गर्नुहोस् वा खोक्नुहोस् अनि आफ्ना हातहरू धुनुहोस्।
- जतिसक्दो आफ्नो अनुहार (आँखा, नाक, र मुख) छुनबाट बच्नुहोस्।
- अन्य रोगीहरूबाट टाढा बस्नुहोस्। घरमा बिरामी परेको कुनैपनि व्यक्ति सम्भव भए छुट्टै कोठामा बस्नु पर्छ र छुट्टै बाथरुमको प्रयोग गर्नु पर्छ। आफ्ना हातहरू र बारम्बार स्पर्श गर्नु पर्ने सतहहरूलाई नियमित रूपमा धुने कुरा सुनिश्चित गर्नुहोस्।
- तपाईंको बच्चालाई डिस्चार्ज गरिँदा, हामीले तपाईंलाई हेल्पिङ्ग ह्यान्ड *I-467* हस्पिटल डिस्चार्ज फर कोरोनाभाइरस *(COVID-19)* दिनेछौँ। यसले तपाईंलाई घरमा के गर्ने भन्ने बारे निर्देशन दिनेछ।

## COVID-19 बारे अधिक जानकारी प्राप्त गर्नका लागि स्रोतहरू

- COVID-19 को बारेमा सबैभन्दा अद्यावधिक जानकारीको लागि रोग नियन्त्रण केन्द्र (CDC) को वेबसाइट (www.cdc.gov) हेर्नुहोस्।
- 700 चिल्ड्रेन्स ब्लग तपाईंका प्रश्नहरूको उत्तर दिनमा मद्दत गर्न सक्ने अर्को स्रोत हो। तपाईंले यसलाई हाम्रो वेबसाइट (www.nationwidechildrens.org) मा पाउन सक्नुहुन्छ। तपाईं अस्पतालको मुख्य पृष्ठमा पुग्नुभएपछि, त्यहाँ COVID-19 खोज्नुहोस्।